**नेपाल सरकार**

**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

# जलस्रोत तथा सिंचाइ विभाग

**जावलाखेल, ललितपुर**

# नागरिक वडापत्र (CITIZEN CHARTER)

विभागमा महाशाखाहरु ५ र अर्न्तगत शाखाहरु कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा एवं ऐन कानून परामर्श शाखा रहेका छन् ।

| | | |
|---|---|---|
| १. | यस विभाग र अर्न्तगत कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुको उद्देश्य | नेपालको कृषियोग्य जमिनमा सिंचाइको लागि पानी पुर्‍याई कृषि उत्पादन वृद्धि गर्न सहयोग पुर्‍याउने । जल उत्पन्न प्रकोपहरुको न्यूनिकरण तथा व्यवस्थापनका साथै रोकथाम गर्ने । |
| २. | सेवाका प्रकार | क) नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण कार्य सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत संभार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलब्ध गराउने ।<br>ख) कृषकहरुलाई सिंचाइ सम्वन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।<br>ग) भू-क्षय, पहिरो, बाढी न्यूनिकरण तथा व्यवस्थापन कार्यहरु गर्ने । |
| ३. | सेवा प्रदान गर्ने कार्यालयहरु र स्थान | जलस्रोत तथा सिंचाइ विभाग र अर्न्तगतका आयोजनाहरु मार्फत सिंचाइ तथा प्रकोप व्यवस्थापन न्यूनिकरण सम्बन्धी सेवा प्रदान गरिने । |
| ४. | कार्यगत स्तरको प्रचार | योजना सञ्चालन गर्नु अघि स्थानीय स्तरमा गरिने भेला, केन्द्रीय र प्रदेश स्तरमा गरिने गोष्ठि तथा सेमिनार, विभागका प्रकाशनहरु, वार्षिक कार्यक्रम एवं प्रगति विवरणहरुका साथै खर्चका विवरणहरुको यथासमयमा प्रकाशन गर्ने गराउने । |
| ५. | सेवाको गुणस्तर | स्वीकृत नर्मस् एवं स्पेसिफिकेशनमा तोकिए अनुसार गुणस्तर कायम गरिने । |
| ६. | सूचनासम्म पहुँच | व्यक्तिगत सम्पर्क, कार्यालयका सूचना पाटी, सिंचाइ गतिविधि, Irrigation Newsletter, वार्षिक पुस्तिका एवं वेवसाईट आदि । |
| ७. | उजुरी गर्ने सरल प्रकृयाहरु | मौखिक, लिखित तथा निवेदन दिएर र ई-मेल मार्फत । |
| ८. | समय सीमा तोकिएको, गुनासो सुनुवाई र समाधान व्यवस्था | गुनासोको आधारमा तुरुन्त सुनवाई गरी समाधानको उपायका लागि यथाशिघ्र पहल गरिने । |
| ९. | सेवाग्राही समूहहरु | सिंचाइ जल उपभोक्ता संस्था र कृषक/कृषक समूहहरु तथा जल उत्पन्न प्रकोपजन्य क्षेत्रका प्रभावीत वासिन्दाहरु । |
| १०. | सेवा उपलब्ध हुने प्रक्रिया | सिंचाइ सेवा उपलब्ध गर्न चाहने उपभोक्ताहरुको माग भएपछि वा पहिचान भईसकेका योजनाहरु मध्येबाट प्राथमिकताका आधारमा प्रारम्भिक तथा विस्तृत इन्जिनियरिङ्ग अध्ययन गर्दा संभाव्य देखिएका योजनाहरुलाई स्रोतको व्यवस्था गरी निर्माण कार्य अगाडि बढाउने । प्रकोप नियन्त्रण तथा व्यवस्थापनको हकमा राष्ट्रिय प्राथमिकताका आयोजना विभागबाट योजना तर्जुमा एवं कार्यान्वयन गरिने छ । |
| ११. | सम्वन्धित ऐन नियमहरु | जलस्रोत ऐन र नियमावली, सिंचाइ नीति र नियमावली एवं आर्थिक कार्यविधि ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली जल उत्पन्न प्रकोप व्यवस्थापन नीति आदि । |
| १२. | सेवा वापत लाग्ने दस्तुर | जनसहभागिता परिचालन गरी निर्माण एवं मर्मत गरिने योजनाहरुमा सिंचाइ नीतिमा उल्लेख भए अनुसारको कुल इष्टिमेट रकम (घटीमा ३% र वढीमा १५%) वरावरको जनसहभागिता उपलब्ध हुनुपर्ने । |
| १३. | लाग्ने समय | माग भएको सेवाको प्रकृति तथा कार्यविधि अनुसारको समय । |
| १४. | सम्पर्क राख्नु पर्ने व्यक्ति | **सूचना अधिकारी -** उप-सचिव (प्रशासन), (कोठा नं. २२२)<br>**प्रवक्ता -** उप-महानिर्देशक, योजना, डिजाइन, अनुगमन तथा मूल्याँकन महाशाखा (कोठा नं. ३३०) |
| १५. | उजुरी गुनासो सुन्ने व्यक्ति | विभागका महाशाखा प्रमुखहरु, शाखा प्रमुखहरु, केन्द्रीय स्तरका योजनाका प्रमुखहरुका सम्वन्धमा सिंचाइ विभागका महानिर्देशक र अर्न्तगत आयोजनाहरुको हकमा आयोजनाका प्रमुखहरु । |

फोन नं. ०१-५५३७१३६, फ्याक्स नं. ०१-५५३७१६९ website : www.dwri.gov.np, e-mail : info@dwri.gov.np